23 October 2024

National News

<u>मुख्य समाचार</u>

- आतंकवाद र आतङ्कवादी गतिविधिलाई धन उपलब्ध गराउनेहरूको कडाइका साथ सामना गर्न प्रधानमन्त्रीको आग्रह
- जर्मन चान्सलर श्री ओलाफ स्कोल्ज भोलिदेखि तीन दिने भारत भ्रमणमा
- चीनका राष्ट्रपति श्री सी जिनपिङसँग प्रधानमन्त्री श्री मोदीले गर्नुभयो द्विपक्षीय वार्ता
- चक्रवाती आँधी दानालाई लिएर उच्च सतर्कता र तयारी जारी
- महिला इन्डियन ओपन गल्फ प्रतियोगिता भोलिदेखि शुरु हुँदै
- एएफसी-अन्डर 17 एसिया कपको क्यालिफायर्समा भारतले ब्रुनाई दारुसलामलाई 13 गोलले गऱ्यो पराजित

<u>PM-BRICS ठेगाना</u>

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले ब्रिक्स सदस्य राष्ट्रहरूलाई संगठित भएर आतंकवाद र आतङ्कवादी गतिविधिलाई धन उपलब्ध गराउनेहरूको कडाइका साथ सामना गर्न आग्रह गर्नुभएको छ।

उहाँले यो गम्भीर विषयमा दोहोरो मापदण्डको कुनै सम्भावना नरहेको बताउनुभएको छ । कजानमा 16 औं ब्रिक्स शिखर सम्मेलनको समापन सत्रलाई सम्बोधन गर्दै श्री मोदीले युवाहरूलाई कट्टरपन्थी बनाउने शक्तिहरूलाई रोक्न हामीले सक्रिय रूपमा काम गर्नुपर्नेछ, भन्नुभयो।

उहाँले संयुक्त राष्ट्रसंघमा विचाराधीन अन्तर्राष्ट्रिय आतंकवाद विरुद्धको बृहत् सम्झौताको विषयमा काम गर्न आह्वान गर्नुभयो । साइबर सुरक्षा र आर्टिफिसियल इन्टेलिजेन्सलाई सुरक्षित बनाउन वैश्विक दिशानिर्देशमा काम गर्नुपर्ने पनि प्रधानमन्त्रीले आग्रह गर्नुभयो । उहाँले प्रविधिको यो युगमा साइबर सुरक्षा र गलत सूचना फैलाउने गम्भीर चुनौतीलाई ध्यानमा राख्दै ब्रिक्सबाट जनताले धेरै अपेक्षा गरेको बताउनुभयो ।

विश्वले युद्ध, द्वन्द्व, आर्थिक अनिश्चितता, जलवायु परिवर्तन, आतंकवादलगायतका चुनौतीको सामना गरिरहेको बेला ब्रिक्स सम्मेलन भइरहेको उल्लेख गर्दै प्रधानमन्त्री श्री मोदीले विश्वमा विकसित र विकासशील देशहरू अनि पूर्वी र पश्चिमी देशहरू बीचको विभाजनको पनि चर्चा छ भन्नुभयो।

श्री मोदीले भारत युद्धको पक्षमा होइन वार्ता र कूटनीतिको पक्षमा रहेको छ भन्नुभयो। प्रधानमन्त्रीले ब्रिक्स सुरक्षित, बलियो र समृद्ध भविष्यका लागि नयाँ अवसर सिर्जना गर्न सक्षम

रहेको बताउँदै ब्रिक्सले कोभिड–19 लाई संयुक्त रूपमा पराजित गरेर आफ्नो क्षमता प्रमाणित गरेको बताउनु भयो । श्री मोदीले भन्नुभयो, मुद्रास्फीति नियन्त्रण र खाद्य सुरक्षा सुनिश्चित गर्नुपर्ने र ऊर्जा, स्वास्थ्य र पानी जस्ता मुद्दाहरू सबै देशहरूका प्राथमिक मुद्दा हुन्। उहाँले ब्रिक्स विविध र समावेशी मञ्च हो जसले यी सबै विषयमा सकारात्मक भूमिका खेल्न सक्नेछ भन्नुभयो। श्री मोदीले भन्नुभयो, यी समस्याहरू समाधान गर्न सबैको दृष्टिकोण जनता केन्द्रित हुनुपर्छ। उहाँले ब्रिक्सको सन्देश विश्वमा जानुपर्छ भन्दै भन्नुभयो ब्रिक्स विभाजनकारी होइन, जनकल्याणकारी संस्था हो ।
प्रधानमन्त्री श्री मोदीले ब्रिक्स साझेदारका रूपमा नयाँ देशहरूलाई स्वागत गर्न भारत तयार रहेको बताउनुभयो। यस दिशामा सबै निर्णयहरू सर्वसम्मत रूपमा लिनुपर्छ। उहाँले संयुक्त राष्ट्र सुरक्षा परिषद्, बहुपक्षीय विकास बैंक र विश्व व्यापार संगठन जस्ता वैश्विक संस्थाहरूमा समयमै सुधार गर्नुपर्ने कुरामा जोड दिनुभयो।

## जर्मन चान्सलर - भारत

जर्मन चान्सलर श्री ओलाफ स्कोल्ज भोलिदेखि तीन दिने भारत भ्रमणमा आउनु हुँदैछ। उहाँ सातौं अन्तरसरकारी परामर्शदात्री समूहको बैठकमा सहभागी बन्नुहुनेछ। प्रधानमन्त्री श्री नरेन्द्र मोदी र चान्सलर श्री स्कोल्जले यसै महिनाको २५ तारिक अन्तरसरकारी परामर्शदात्री समूहको बैठकको सहअध्यक्षता गर्नुहुनेछ।

यसका साथै प्रधानमन्त्री श्री मोदी र चान्सलर श्री स्कोल्जले सुरक्षा सहयोग, आर्थिक सहयोग र दिगो विकास साझेदारी अनि उदीयमान र रणनीतिक प्रविधिको क्षेत्रमा सहयोग अभिवृद्धि गर्ने विषयमा द्विपक्षीय वार्ता गर्नुहुनेछ। दुवै नेताले जर्मनीको १८औँ एसिया प्यासिफिक समिट अफ बिजनेसलाई सम्बोधन पनि गर्नुहुनेछ।

## प्रधानमन्त्री–जिनपिङ भेटवार्ता

रुसको कजानमा ब्रिक्स शिखर सम्मेलनका क्रममा प्रधानमन्त्री श्री नरेन्द्र मोदीले चीनका राष्ट्रपति श्री सी जिनपिङसँग द्विपक्षीय वार्ता गर्नुभएको छ। दुवै देशले वास्तविक नियन्त्रण रेखा नजिकका क्षेत्रमा निगरानीको व्यवस्था गर्ने विषयमा सहमति गरेकाले यो बैठक महत्वपूर्ण मानिएको छ । पछिल्लो पाँच वर्षमा प्रधानमन्त्री श्री मोदी र चीनका राष्ट्रपतिबीच यो पहिलो औपचारिक भेट हो।

## विधानसभा चुनाव

शिवसेनाले महाराष्ट्र विधानसभा चुनावका लागि 45 जना उम्मेदवारहरूको पहिलो सूची जारी गरेको छ।

अर्कोतिर, महाराष्ट्र नवनिर्माण सेनाले पनि 45 जना उम्मेदवारहरूको दोस्रो सूची जारी गरेको छ।

सोहीप्रकारले राष्ट्रवादी कंग्रेस पार्टीले पनि महाराष्ट्र विधानसभा चुनावका लागि आज 38 जना उम्मेदवारहरूको पहिली सूची जारी गरेको छ।

यसैबीच, केरलमा कंग्रेस उम्मेदवार श्रीमती प्रियंका गान्धीले आज वायनाड संसदीय क्षेत्रको उपचुनाउका लागि नामांकन पत्र दर्ता गर्नुभयो।

## ओडिशा चक्रवात दाना

भीषण चक्रवाती आँधी दानाले भोलि अबेर राती अथवा शुक्रबार बिहानसम्ममा ओडिशाको भितरकनिका र धामरा तटीय क्षेत्रका बीच ठक्कर दिने सम्भावन छ। यस अवधिमा एक सयदेखि एक सय 20 किलोमिटर प्रतिघण्टाको गतिमा हावा चल्नेछ । हाल सो चक्रवात ओडिशाको पारादीपबाट 520 किलोमिटर र पश्चिम बङ्गालको सागर टापुबाट 600 किलोमिटरको दुरीमा रहेको र 15 किलोमिटर प्रतिघण्टाको गतिमा बंगालको खाडीमा ओडिशाको तटतर्फ सरिरहेको छ ।

ओडिशाको केन्द्रपारा जिल्लाको भितरकनिका राष्ट्रिय निकुञ्जमा चक्रवातको प्रभावको सम्भावनालाई ध्यानमा राख्दै, वन विभागले वन्यजन्तु र वनस्पति संरक्षण गर्न सबै सावधानी अपनाइरहेको छ।

चक्रवात 'दाना' ठोकिनु हुनुअघि, राष्ट्रिय आपदा मोचन बलले ओडिशामा 20 टोली र पश्चिम बंगालमा 13 टोली तैनाथ गरेको छ। पश्चिम बंगालमा चार टोलीलाई रिजर्भमा राखिएको छ। छत्तीसगढसँगै झारखण्डमा पनि टोली तैनाथ गरिएको छ ।

सोहीप्रकारले भारतीय कोस्ट गार्ड- ICG ले चक्रवात दाना ठोकिन हुनअघि जनधनको क्षतिलाई कम गर्न विभिन्न प्रबन्धहरू गरेको छ। ICG ले अवस्थालाई नजिकबाट नियालिरहेको छ। चक्रवातका कारण उत्पन्न हुन सक्ने कुनै पनि आपतकालिन अवस्थासँग जुध्ने तयारी गरिएको छ । रक्षा मन्त्रालयले भनेको छ, कोस्ट गार्डले पश्चिम बंगाल र ओडिशामा जहाज, विमान र रिमोट अपरेटिङ स्टेशनहरूलाई माझीहरू र नाविकहरूलाई मौसमको चेतावनी र सुरक्षा सल्लाहहरू

प्रदान गर्ने जिम्मेवारी दिएको छ। यी अलर्टहरू सबै माछा मार्ने डुङ्गाहरूलाई निरन्तर पठाउने काम भइरहेको छ। उनीहरुलाई तत्काल तटीय क्षेत्रमा फर्केर सुरक्षित स्थानमा जान भनिएको छ।

आईसीजीले समुद्रमा आपतकालिन अवस्थाको सामना गर्न आफ्ना डुङ्गा र विमानहरू तैनाथ गरेको छ। भारतीय तटरक्षक बल उच्च सतर्कतामा छ। यसका आपदा राहत टोलीहरू राहत र उद्धार कार्यमा सहयोग गर्न तयार छन्।

## गल्फ-इन्डियन ओपन

भोलिदेखि हरियाणाको गुरुग्राममा महिला इन्डियन ओपन गल्फ प्रतियोगिताको 16 औं संस्करण शुरु हुँदैछ। प्रतियोगितामा 31 देशका 114 खेलाडीहरू समावेश हुनेछन्, जसमध्ये 27 जना भारतका छन्। सबैको नजर भारतीय खेलाडी हिताशी बक्शी, वाणी कपूर, अमनदीप द्राल र रिधिमा दिलावरीमा हुनेछ। 2007 मा शुरु भएको महिला इन्डियन ओपन भारतको सबैभन्दा प्रतिष्ठित महिला गल्फ प्रतियोगिता हो।

## एएफसी-यु 17 एसिया कप

थाइल्याण्डमा भइरहेको AFC U-17 Asian Cup 2025 क्वालिफायर्स प्रतियोगिताको पहिलो म्याचमा आज भारतले ब्रुनाई दारुसलामलाई 13 गोलले पराजित गरेको छ। भारतका विशाल यादवले ह्याट्रिक गरे। भारत समुह डीमा रहेको छ अनि यस समुहमा भारतका अतिरिक्त आयोजक थाइल्याण्ड, ब्रुनाई दारुसलाम अनि तुर्कीमेनिस्तान रहेका छन्।

## हकी

भारत र जर्मनीमाझ नयाँ दिल्लीको मेजर ध्यानचन्द्र स्टेडियममा सम्पन्न दुई म्याचको द्विपक्षीय हकी सिरिजको पहिलो म्याचमा आज भारतलाई जर्मनीले 2 गोलले पराजित गरेको छ।